का.जि.प्र.का.द.नं. १००/०५९/६०
१८ मंसिर २०८०,
सोमबार
4 December 2023,
Monday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नं

वर्ष २१, अंक २९९ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



# सरकारी स्वामित्वमा आउन नदिन एनसेल बिक्री !

लाइसेन्स पाएको २५ वर्षपछि आधाभन्दा बढी विदेशी स्वामित्व रहेको टेलिकम कम्पनीको सम्पत्ति सरकारीकरण हुने कानूनी व्यवस्था छ। त्यसरी गणना गर्दा एनसेलको सम्पत्ति सन् २०२९ पछि सरकारीकरण हुन्थ्यो। तर एनसेललाई सरकारी स्वामित्वमा आउन नदिन करिब ६ वर्षअघि शेयरको खरिद बिक्री भएको दाबी कतिपयको छ।

एनसेलको शेयर स्वामित्व हस्तान्तरणबारे नियामकीय निकायलाई जानकारी नगराएकोबारे समितिको चासो रहेको छ ।



■ ऋषिकेश पोखरेल
सभापति
सार्वजनिक लेखा समिति

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १७ मंसिर ।

एनसेलको शेयर खरिद बिक्रीको विषयमा संसदीय समिति प्रवेश गरेको छ। प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिले एनसेलको ८० प्रतिशत शेयर खरिदबिक्री सम्बन्धमा सम्बद्ध निकायलाई पत्राचार गर्दै विवरण मागेको हो।

समिति सभापति ऋषिकेश पोखरेलले सरकारी निकायहरूलाई शेयर खरिदबिक्रीका सवालमा ९ वटा प्रश्नसहित पत्र पठाएका छन् । उनका अनुसार 'एनसेलको शेयर स्वामित्व हस्तान्तरणको सवाल समितिको चासोको विषय बन्नुको कारण हो - नियामकीय निकायलाई जानकारी नगराएको विषयको रहस्य के हो ?'

मलेसियन कम्पनी आजियाटाले शुक्रबार एनसेलमा रहेको आफ्नो सबै, ८० प्रतिशत शेयर बेलायतको स्पेक्ट्रलाइट युके लिमिटेडलाई पाँच करोड अमेरिकी डलर ९६ अर्ब ६६ करोड रूपैयाँमा बिक्री गरेको बताएको हो। सात वर्षअघि एक खर्ब ४३ अर्ब रूपैयाँ खरिद गरिएको शेयर यति थोरै रकममा बिक्री गरिएको, नेपाल बाहिर कारोबार गरिएको र नियामकीय निकायलाई जानकारी नगराएको विषयमा सार्वजनिक लेखा समितिले मुख्य प्रश्न उठाएको छ। समितिले आन्तरिक राजस्व »» पृष्ठ २ मा

गणतन्त्रमा पनि प्रेसमाथि 'कू' | सम्पादकीय

# रामनामी ओढेका कम्युनिष्ट नेता !

धर्मनिरपेक्षता र हिन्दु राष्ट्रका विषयमा नेपालमा फेरि कुरा शुरु भएका छन् । कांग्रेस सभापति देउवाले समेत यस विषयमा बहस हुन सक्ने बताएको केही दिनपछि मध्यपहाडी यात्रामा रहेका एमाले नेताहरु रामनामी बस्त्रमा देखिएका हुन् ।



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १७ मंसिर ।

नेकपा एमाले मध्यपहाडी यात्रामा छ । यात्राका क्रममा आइतबार एमाले नेताहरु रामनामी बस्त्रमा देखा परेका छन्। डोटीस्थित शैलेश्वरी माताको मन्दिर दर्शन गरेका तस्बिरहरु एमाले अध्यक्ष केपी शर्मा ओलीले आफ्नै व्यक्तिगत फेसबुकबाट सार्वजनिक गरेका छन्।

डोटीस्थित शैलेश्वरी मन्दिरमा एमाले अध्यक्षको साथमा पार्टी उपाध्यक्षद्धय सुरेन्द्र पाण्डे र बिष्णु पौडेल समेत रहेका छन्। धर्मनिरपेक्षता र हिन्दु राष्ट्रका विषयमा नेपालमा फेरि कुरा सुरु भएका छन्। कांग्रेस सभापति देउवाले समेत यस विषयमा बहस हुन सक्ने बताएको केही दिनपछि मध्यपहाडी यात्रामा रहेका एमाले नेताहरु रामनामी बस्त्रमा देखिएका हुन्।

यसअघि, भारत भ्रमणका क्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले इन्डोर पुग्दा महाकालेश्वर मन्दिरमा गेरु वस्त्र धारण गरेका थिए। प्रचण्डले उज्जैनस्थित महाकालेश्वर मन्दिरमा पूजा अर्चना गरेपछि कतिपयले आलोचना गरेका थिए। त्यसबेला प्रधानमन्त्री प्रचण्डले भनेका »» पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# मलेसियामा ओभरटाइमको सुनवाइ दूतावासले गर्न सक्दैन : राजदूत पौडेल

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ मंसिर

मलेसियाका लागि नेपाली राजदूत डिल्लीराज पौडेलले ओभरटाइमवापत तलब नपाएको गुनासोमा सुनुवाइ हुन नसक्ने बताएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को मलेसिया विभाग स्थापनाका लागि आइतबार राजधानी क्वालालम्पुरस्थित स्थानीय होटल कन्टिनेन्टलमा आयोजित कार्यक्रममा राजदूत पौडेलले उक्त जानकारी दिएका हुन्।

मलेसियामा ओभरटाइमवापत तलब नपाएको विषय नेपाली दूतावास क्वालालम्पुरदेखि वैदेशिक रोजगार विभागसम्म टाउको दुखाइको विषय बनेको छ । कार्यक्रममा सहभागीहरुले नेपालमा ओभरटाइमको ग्यारेन्टी गरेर पठाएको, तर मलेसियामा "ओटी" अर्थात अतिरिक्त समयको काम र त्यसवापतको तलब नपाएको गुनासो र असन्तुष्टि व्यापकरुपमा राखेका थिए।

जवाफमा राजदूत पौडेलले नेपाली दूतावासले न्यूनतम तलब १५ सय रिंगेटभन्दा माथिको जिम्मेवारी नलिने बताए । उनले भने, 'हामीले प्रमाणित गर्ने मागपत्र न्यूनतम तलब १५ सयको हो । त्यसभन्दा बढी तलबको मागपत्र अत्यन्तै थोरै आउने गरेको छ, त्यसमा कामदार र रोजगारदाताबीचको सहमति अनुसार हुने हो।'

नेपालबाट मलेसिया जानुअघि म्यानपावर कम्पनी र उनीहरुका सम्पर्क व्यक्तिले न्यूनतम तलबभन्दा अतिरिक्त समयको काम र त्यसवापतको तलब पक्का गर्ने तर कम्पनीमा पुग्दा नेपालमा भनिएअनुसारको अतिरिक्त समयको काम र त्यसवापतको तलब नपाउँदा निराशा बढेको छ।

राजदूत पौडेलले अतिरिक्त समय काम पाउने तर त्यसवापतको तलब नपाएको गुनासाहरु आइरहेकाले 'अतिरिक्त समय काम पाइनँ, काम पाएको भए धेरै कमाउने थिएँ' भनेर लोभ नराख्न पनि सहभागीहरुलाई आग्रह गरे। मलेसियामा स्थानीय तथा विदेशी कामदार दुबैको न्यूनतम तलब १५ सय रिंगेट छ।

कार्यक्रममा सहभागीहरुले फ्रि भिसा र फ्रि टिकटको निर्णय भएपनि म्यानपावर कम्पनीले तीन लाखसम्म उठाएको गुनासो राखेका थिए। राजदूत पौडेलले फ्रि भिसा र फ्रि टिकटको निर्णय कार्यान्वयनमा »» पृष्ठ २ मा






# बन्दसूचीका व्यक्ति राष्ट्रियसभा निर्वाचनमा उम्मेदवार हुन नपाउने



**काठमाडौं/मस**– प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको समानुपातिक निर्वाचन प्रणालीतर्फको उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएका व्यक्तिले राष्ट्रियसभा सदस्यको आगामी निर्वाचनमा उम्मेदवार बन्न नपाउने भएका छन् । निर्वाचन आगामी माघ ११ गते बिहीबार हुँदैछ । निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३० र प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३० मा भएको व्यवस्थाअनुसार सोही दफाहरुको उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशबमोजिम नाम हटेको अवस्थामा बाहेक राष्ट्रियसभा सदस्यको उम्मेदवार हुन नपाउने बारे आइतबार विज्ञप्ति जारी गरी जानकारी गराएको छ ।

**पुस २० गते मतदाता नामावली प्रकाशन**

आयोगबाट स्वीकृत निर्वाचन कार्यक्रमअनुसार पुस २० गते सम्बन्धित प्रदेशको निर्वाचन अधिकृतको कार्यालयमा मतदाता नामावली प्रकाशित हुने जनाइएको छ। प्रकाशित मतदाता नामावलीमाथि दाबी विरोधलगायत कार्य सोही दिनबाट प्रारम्भ भई पुस २२ गते सम्पन्न हुने र सोही दिन अन्तिम मतदाता नामावली प्रकाशन हुने आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

उम्मेदवारको मनोनयन दर्ता पुस २३ गते बिहान १० बजेदेखि अपराह्न ३ बजेसम्म हुनेछ । मनोनयन दर्तापश्चात् उम्मेदवारको विरोधमा उजुरी दिने कार्य पुस २४ गते हुनेछ ।

मनोनयनपत्र र उजुरीमाथि जाँचबुझ गरी अन्तिम नामावली पुस २६ गते प्रकाशन हुनेछ । उम्मेदवारले नाम फिर्ता लिने कार्य पुस २७ गते सम्पन्न भएपश्चात् उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने कार्य सोही दिन अपराह्न २ बजे सम्पन्न हुनेछ । यस्तै उम्मेदवारलाई निर्वाचन चिह्न पुस २८ गते उपलब्ध गराउने कार्यक्रम रहेको छ ।

# 'स्वास्थ्य विज्ञान विश्वविद्यालयको पूर्वाधार यसै वर्ष पूरा हुन्छ'

**काठमाडौं/मस**–शिक्षा, विज्ञान तथा प्रविधि राज्यमन्त्री प्रमिला कुमारीले चालु आर्थिक वर्षको वैशाखसम्ममा सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको पूर्वाधार संरचनाको निर्माण पूरा हुने बताएकी छिन् ।

राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिको आजको बैठकमा शहीद दशरथ चन्द्र स्वास्थ्य विज्ञान विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथिको छलफलमा उनले गत असार मसान्तसम्ममा भौतिक संरचना निर्माणतर्फ पाँच अर्ब ९९ करोड ५२ लाख खर्च भइसकेको जानकारी दिइन् ।

राज्यमन्त्री प्रमिलाले सोका लागि जम्मा ५१.१ हेक्टर क्षेत्रफल जग्गामा ५३ वटा भौतिक संरचना निर्माण हुनुपर्नेमा हालसम्म ४२ सम्पन्न भएको र बाँकी ११ निर्माणाधीन अवस्थामा रहेको बताइन्। उनका अनुसार कैलालीको गोदावरी नगरपालिकास्थित गेटामा निर्माणाधीन विश्वविद्यालयको भौतिक पूर्वाधारका संरचनामध्ये परिसर, सडक, सभाहल, पानी ट्याङ्की र ग्रिनरीको काम भइरहेको छ ।

करिब रु. ९० करोडमा तयार हुने बाँकी संरचना शीघ्र निर्माण सम्पन्न गर्न निर्माण व्यवसायीलाई निर्देशन दिइएको राज्यमन्त्री प्रमिलाले बैठकमा जानकारी दिइन्। सरकारले चिकित्सा शिक्षा अध्ययन अध्यापन गर्न/गराउन बेग्लै चिकित्सा शिक्षा विश्वविद्यालय स्थापना गर्नसक्ने सोचअनुसार भौगोलिक सन्तुलनसहितको शिक्षाको अभिवृद्धिका लागि सो विधेयक प्रस्तुत गरेको हो । प्रस्तावित विश्वविद्यालय मातहत सुर्खेत मेडिकल कलेज, बुटवल मेडिकल कलेज र बर्दिवास मेडिकल कलेजसमेत सञ्चालन हुनेछन् ।

प्रस्तावित विश्वविद्यालयलाई आफ्नो आंगिक शिक्षण संस्थाबाहेक अन्य कुनै पनि शिक्षण संस्थालाई सम्बन्धन वा स्वीकृत दिन नपाइने कठोर व्यवस्था प्रस्ताव गरिएको छ । विश्वविद्यालयको सङ्गठन संरचनामा सभा, प्राज्ञिक परिषद्, कार्यकारी परिषद्, अनुसन्धान केन्द्र, स्कूल, शिक्षण संस्था र शिक्षण अस्पताल रहनेछन् ।

विश्वविद्यालयका पदाधिकारीमा कुलपति, सहकुलपति, उपकुलपति, रजिस्टार, डीन, क्याम्पस प्रमुख तथा अस्पताल निर्देशक रहने व्यवस्थाका लागि प्रस्ताव गरिएको छ । विधेयकमा कुलपतिको अध्यक्ष्यतामा १९ सदस्यीय सभाको व्यवस्थाका लागि प्रस्ताव गरिएको छ । सोअनुसार, अन्य विश्वविद्यालमा भएको व्यवस्थाभन्दा सभाको आकार सानो हुनेछ ।

## कोशीका मुख्यमन्त्री कार्कीले तोके तीन मन्त्रीको जिम्मेवारी

**काठमाडौं/मस**-कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले तीन जना मन्त्रीलाई जिम्मेवारी तोकेका छन् । मन्त्रीमण्डलमा रहेका नेपाली कांग्रेसका शमशेर राई, नेकपा माओवादी केन्द्रका गणेश उप्रेती र नेकपा एकीकृत समाजवादीका कमलप्रसाद जबेगुको मन्त्रालयको जिम्मेवारी तोकिएको हो। आइतबार मुख्यमन्त्री कार्कीले कांग्रेसका राईलाई आन्तरिक मामिला तथा कानून, माअेवादी केन्द्रका उप्रेतीलाई पर्यटन, वन तथा वातावरण र एकीकृत समाजवादीका जबेगुलाई भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका जिम्मेवारी दिएका हुन् ।

आर्थिक मामिला तथा योजना मन्त्रालय, उद्योग, कृषि तथा सहकारी मन्त्रालय, खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालय, सामाजिक विकास मन्त्रालय र स्वास्थ्य मन्त्रालयको जिम्मेवारी भने मुख्यमन्त्री कार्की आफैंले राखेको प्रदेश प्रमुखको कार्यालयले जनाएको छ ।

## फरार प्रतिवादीहरु पक्राउ

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, १७ मंसिर

उदयपुरमा फरार दुई प्रतिवादी पक्राउ परेका छन् । प्रहरी चौकी जोगिदहबाट खटिएको प्रहरी टोलीले आइतबार बन मुद्दाका त्रियुगा नगरपालिका -१ बस्ने काशीलाल चौधरी र गाली बेइज्जती मुद्दाका सोही नगरपालिका-१ रुपनी बस्ने उर्मिला घिमिरेलाई पक्राउ गरेको हो ।

जिल्ला अदालत उदयपुरले पक्राउ परेका प्रतिवादीहरु चौधरीलाई ७ हजार ५ सय रुपैयाँ र घिमिरेलाई १ सय २५ रुपैयाँ जरिवाना तोकेको थियो । पक्राउ परेका उनीहरुलाई फैसला कार्यान्वयनका लागि अदालत समक्ष बुझाइएको प्रहरीले जनाएको छ ।

## सरकारी...

विभागका महानिर्देशक, कम्पनी रजिष्ट्रार को कार्यालयका रजिष्ट्रार र नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरूषोत्तम खनालसँग विवरण माग गरेको छ ।सरोकारवाला अधिकारीहरुका अनुसार निश्चित समयपछि बिदेशी लगानी सरकारको स्वामित्वमा आउनुपर्छ । तर, सरकारी स्वामित्वमा आउन नदिन बिक्री भएको दाबी कतिपयको छ । यस सम्बन्धमा संसदको सार्वजनिक लेखा समितिले समेत चासो देखाएको हो ।

दूरसञ्चार ऐनमा भएको व्यवस्था अनुसार, लाइसेन्स पाएको २५ वर्षपछि आधाभन्दा बढी विदेशी स्वामित्व रहेको टेलिकम कम्पनीको सम्पत्ति सरकारीकरण हुने व्यवस्था छ । त्यसरी गणना गर्दा एनसेलको सम्पत्ति सन २०२९ पछि सरकारीकरण हुन्थ्यो । तर, एनसेललाई सरकारी स्वामित्वमा आउन नदिन करिब ६ वर्षअघि शेयरको खरिद बिक्री भएको दाबी कतिपयको छ ।

प्रतिनिधि सभा सदस्य अमरेश कुमार सिंह केही वर्षपछि नेपाल सरकारको स्वामित्वमा आउन लागेको एनसेल गलत मनसाय राखेर खरिदबिक्री भएको दाबी गर्छन । आइतबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै सांसद सिंहले गलत मनसायका साथ ६ अर्बमा एनसेलको खरिदबिक्री भएको भन्दै एनसेल खरिद बिक्री यूकेमा गरेर नेपालमा तिनुपर्ने पुँजीगत लाभकर छली गरिएको बताए । त्यसका लागि एनसेल शेयर खरिद बिक्रीमा ठुलो चलखेल भएको उनको दाबी छ ।

एनसेलको शेयर बिक्री ५० मिलियन डलरमा बिक्री भएको सत्य भए आफू ६० मिलियन डलर दिन तयार रहेको सिंहको भनाइ छ । 'जम्मा पाँच मिलियनमा किनेको ६ महिनापछि दिँदा हुने, बाँकी ४५ मिलियन डलर छ, त्यो चार वर्षमा दिँदा हुन्छ। यस्तो खरिद-बिक्री कहीँ पनि हुँदैन' सिंहले भनेका छन् ।

६ अर्बमा कम्पनी बिक्री भए पनि एनसेलले नेपालका तीन वटा बैंकबाट ४० अर्ब ऋण लिएको उनले बताए । एनसेलका भ्यालुएसन ६ अर्बमात्रै हो भने ऋण प्रवाह गर्ने बैंकहरुलाई समेत कारबाहीको दायरामा ल्याउनुपर्ने सिंहको भनाइ छ ।

एनसेलले नेपाल इन्भेष्टमेन्ट बैंक, ग्लोबल आइएमई र स्ट्यान्डर्ड चार्टर्स बैंकबाट ४० अर्ब ऋण लिएको उनले दाबी गरे । एनसेल ६ अर्बमा बिक्री भयो भनेर पत्याउन नसकिने उनले बताए । नेपालको कर छली गर्नलाई सरकारकै मिलेमतोमा यूकेमा सो सम्झौता भएको र यूकेसँग नेपालको दोहोरो कर सम्झौता रहेको उनले बताए । सोही सम्झौताको फाइदा उठाउँदै खरिद बिक्री सम्झौता यूकेमा भएको सिंहको दाबी छ ।

## रामनामी ...

थिए, 'म अहिले कम्युनिष्ट मात्रै होइन, प्रधानमन्त्री पनि हो नि। प्रधानमन्त्रीले त सबैलाई समेट्नु पर्छ।' तथापि, आलोचना भयो र मथ्थर पार्न प्रधानमन्त्री प्रचण्डले नेपाल फर्किएपछि पशुपतिनाथको दर्शन गरे ।

केही मन्त्रीहरुसँगै पशुपतिनाथ पुगेका उनले दर्शन गरे । त्यसबेला प्रधानमन्त्रीसँगै अर्थमन्त्री डा. प्रकाशशरण महत, ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री शक्तिबहादुर बस्नेत, परराष्ट्रमन्त्री एनपी साउद, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजाल पनि सहभागी थिए ।

कम्युनिस्ट नेताहरु धार्मिक बस्त्रमा देखा परिरहेका बेला नेपालमा धर्मनिरपेक्षता र हिन्दु राष्ट्रका विषयमा फेरि कुरा सुरु भएका छन् । कांग्रेस सभापति देउवाले समेत यस विषयमा बहस हुन सक्ने बताएको केही दिनपछि मध्यपहाडी यात्रामा रहेका एमाले नेताहरु रामनामी बस्त्रमा देखिएका हुन् । ११ मंसिरमा नेपाली कांग्रेस पूर्वी नवलपरासीको पहिलो जिल्ला सम्मेलनलाई सम्बोधन गर्दै कांग्रेस सभापति देउवाले राजतन्त्र कुनै पनि हालतमा नफर्किने बरु धर्म निरपेक्षताका विषयमा छलफल गर्न सकिने धारणा सार्वजनिक गरेका हुन् । उनले कांग्रेसलाई संघीयता र गणतन्त्रको विरुद्ध हुने कुनै पनि गतिविधि मान्य नहुने पनि जनाए। 'धर्म निरपेक्षका विषयमा छलफल गर्न सकिए पनि गणतन्त्रको विकल्प छैन,' सभापति देउवाले भनेका थिए । २०६२/६३ को दोस्रो जनआन्दोलनपछि बसेको पुन:स्थापित प्रतिनिधिसभाको पहिलो बैठकले गरेको ९ बुँदे घोषणाको आठौं बुँदामा नेपाल धर्मनिरपेक्ष राज्य हुने उल्लेख छ। २०६५ जेठ १५ गते बसेको संविधानसभाको पहिलो बैठकबाट पारित पाँच बुँदे प्रस्तावको पहिलो बुँदामा नेपाल धर्मनिरपेक्ष मुलुकमा विधिवत परिणत भएको घोषणा गरिएको छ ।

नेपाल धर्मनिरपेक्ष भएको १५ वर्षपछि फेरि यस विषयमा कतिपयले कुरा सुरु गरेका हुन्। यही बेला कतिपय नेताहरु धार्मिक बस्त्रमा देखा परेका हुन् ।

## मलेसियामा...

रहेको भन्दै त्यसमा रकम बुझाउने कामदारहरु पनि जिम्मेवार हुनुपर्ने बताए।

आरबिए, इथिकल रिक्रुटमेन्ट अन्तर्गतका कम्पनीले शून्य लागतमा नै कामदार पठाएको भन्दै राजदूत पौडेलले अनुचितरुपमा रकम माग गर्ने म्यानपावर कम्पनीविरुद्ध वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार बोर्डमा उजुरी दिन पनि आग्रह गरे । कार्यक्रममा फ्रि भिसा र फ्रि टिकटको निर्णय कार्यान्वयन वा परिवर्तन हुनुपर्ने आवाज उठेको थियो । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति तथा निवर्तमान गृहमन्त्री रवि लामिछानेले फ्रि भिसा फ्रि टिकटको निर्णय परिवर्तनका लागि राष्ट्रव्यापी बहसको आवश्यकता रहेको बताए । कार्यक्रमका एक सहभागीले सरकारले फ्रि भिसा र फ्रि टिकट निर्णय कार्यान्वयन गरेको भनिएपनि मलेसियामा रोजगारीमा जाँदा ऋणपान गरेर लाखौं रुपैयाँ खर्च गर्नुपरेको गुनासो राखेका थिए । उक्त गुनासो सम्बोधन गर्दै सभापति लामिछानेले राष्ट्रिय स्वतन्त्र पार्टी फ्रि भिसा र फ्रि टिकटको मान्यताअनुसार वैदेशिक रोजगारमा कामदार जान पाउनुपर्ने पक्षमा रहेको बताए ।

२०८४ को आम निर्वाचनमा उल्लेख्य सिट जितेर सरकार बनाउने लक्ष्य राखेको राष्ट्रिय स्वतन्त्र पार्टीले विदेशबाट हुने मत परिवर्तनको प्रवृत्तिलाई ध्यानमा राखेर नेपाली रहेका देशमा पार्टीको विभाग स्थापना गर्ने अभियान शुरु गरेको छ। पार्टीका अनुसार सभापति लामिछाने मंसिर २१ मंसिरमा कतार र २४ मंसिरमा बेलायत जाने छन्।


## बुद्धशान्ति गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बुधबारे, झापा, कोशी प्रदेश, नेपाल

### बुद्धशान्ति कार्यपालिकाको जनहितमा जारी सूचना

### उद्योग तथा व्यवसायका लागि

१. विक्रेताले विक्री वितरण हुने समानको मूल्य सूची स्पष्ट रूपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिनभित्र अनिवार्य रूपमा नापतौल कार्यालयबाट अनुमति पत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफूले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढक, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नविकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरू विक्री गर्नुपरेमा अनिवार्य रूपमा सम्बन्धित नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतोल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडावर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिनदेखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने तेल एउटा पदार्थ पक्काइसकेपछि नियमित रूपमा फेरबदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरी राम्ररी पकाउनु पर्नेछ ।
१२. वासी, सडेगलेका अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्य पदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डालगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस या सोभन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेबल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टाभित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काई कम गुणस्तरको खाद्यवस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवम् गुणस्तरसम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवम् गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

**वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मूल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानी पुयाउने वस्तु तथा सेवाको बिक्री बितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएकभ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।**



## Invitation for Bids
## Konjyosom Rural Municipality
## Office Of The Rural Municipal Executive
Chaughare, Lalitpur
Date of publication: 2080/08/18

1. **Konjyosom Rural Municipality, Office of the Rural Municipal Executive** invites electronic bids from Nepalese eligible bidders for the under National Competitive Bidding procedures.

| S.N. | Invitation for Bids Number No. | Name of Project | Estimated Amount with VAT and PS in NRS | Bid Security Amount In NRS | Bid Fee in NRS | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|
| 1 | KRM-080/081-NCB-W-04 | Bhedekharka Fulbari Danda Khanepani Aayojana | 1,14,99,692 | 2,50,000 | 3000 | Poush 18th 2080 (2080/09/18) 2 PM |
| 2 | KRM-080/081-NCB-W-05 | Mabir Gurdum Khanepani Yojana Konjyosom 3 Dalachoki Lalitpur | 1,33,00,000 | 2,90,000 | 3000 | Poush 18th 2080 (2080/09/18) 2 PM |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Konjyosom Rural Municipality, Office of The Rural Municipal Executive, Chaughare, Lalitpur** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder can only submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost of NRS 3000 of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
**Name of the Bank: Sanima Bank Ltd., Konjyosom**
**Name of Office: Office of the Rural Municipal Executive, Konjyosom, Lalitpur**
**Revenue Account Name: GA-1.1 AANTARIK RAJASWA KHATA**
**Office Account no.: 066010040000013**
4. Pre-bid meeting shall be held at Office of The Rural Municipal Executive, Konjyosom Rural Municipality, Chaughare, Lalitpur at 2080/09/06 at 3pm for both projects.
5. Sealed or electronic bids must be submitted to the office **The Rural Municipal Executive, Konjyosom Rural Municipality, Chaughare, Lalitpur** through PPMO website www.bolpatra.gov.np/egpon or before 12 noon on 2080/09/18. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2080/09/18 at 2 pm** at the office of **Rural Municipal Executive, Konjyosom Rural Municipality, Konjyosom, Lalitpur**. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **as stated in Table** which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.



## MALAYSIA मा रोजगार
कम्पनी: TANJONG KARANG KILANG MINYAK SDN BHD
शहर: Malaysia

पूर्व स्वीकृत मितिः २०८०/०८/१५ | चलानी नं.: ६०२१०९०२ | L.T. No.: 295797

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 5 | 0 | स. काममा दक्ष | 1500 | ४२,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर २५ गते (11 December 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Trans Asia Integrate Services.**
Gov. Lic. No. 1598/079/080 Shiva Mandir, Tokha 09, Kathmandu
Ph. No.: 4985095, Mobile: 9840006120
E-mail: transasia1998@gmail.com



## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/१२/०६ मा दर्ता भएको **प्रा.लि. नं. २५९६०५/०७७/०७८** को **मित्र भ्यू प्वाईन्ट रिर्सोट प्रा.लि.** को मिति २०८०/०८/१० मा बसेको विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटरः अधिवक्ता संजय कुमार साह, ईजाजत प्र.प.नं. ३९१**
**बिजुलि बजार, काडमाडौं, सम्पर्क नं. ९८४१४४९३३८**



## भूल सुधार

**मिति २०८०/०८/०८ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित कुबेतमा रोजगारको अवसर शिर्षक, कम्पनीको नामः** Alia International Hospital, **पूर्व स्वीकृत मितिः २०८०/०८/०७ गते, चलानी नं: ६०२१०३६६ र** LT No: 295380 **को विज्ञापनमा तलवको एकाई** (KD) **हुनुपर्नेमा अन्यथा भएकोले भुल सुधार गरिएको छ ।**

SHARON MANPOWER SERVICES PVT. LTD.
Govt Lic. NO. 647/063/064
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457
Mobile: 974-6491713/ URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com

# कोप-२८ प्रभावकारी र परिणाममुखी : प्रधानमन्त्री



**काठमाडौं ⁄ मस**-प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलन 'कोप' २८' प्रभावकारी र परिणाममुखी भएको बताएका छन् ।

कोप २८ मा सहभागी भई स्वदेश फिर्ता भएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा प्रधानमन्त्रीले यस पटक नेपालले आफ्ना 'एजेन्डा' प्रभावकारी र वस्तुनिष्ठ ढंगले प्रस्तुत गरिएको बताए । जलवायु परिवर्तनको असर नेपालले भोग्नुपरेकाले त्यसबापतको क्षतिपूर्तिका लागि संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसलेले नेपाललाई प्राथमिकता प्राप्त देशको सूचीमा समावेश गरिएको आफूलाई जानकारी दिएको प्रधानमन्त्रीले बताए ।

जलवायु वित्तमा नेपाल प्राथमिकता प्राप्त देशको सूचीमा परेकाले आर्थिक एवम् प्राविधिक सहयोग प्राप्तिमा वृद्धि हुने अपेक्षा गरिएको उल्लेख गर्दै प्रधानमन्त्रीले जलवायु परिवर्तनका मुद्दालाई यस पटक नेपालका तर्फबाट सघन रुपमा प्रस्तुत गरिएको बताए । महासचिव गुटेरेसको नेपाल भ्रमणपछि जलवायु मुद्दामा नेपालको आवाज प्रभावकारी बनेको उनले बताए ।

सम्मेलनमा क्रममा नेपालको आफ्नै नेपालमण्डपसमेत पहिलोपटक राखिएको र जलवायु परिवर्तनका सन्दर्भमा स्पष्ट दृष्टिकोणका साथ छलफलको आयोजना गरिएको प्रधानमन्त्रीले जानकारी दिए । नेपाली मण्डपमा यस क्षेत्रका जानकार, सञ्चारकर्मी र सरोकारवालाले मेहनतका साथ आफ्ना विषय प्रस्तुत गरेको उनले बताए ।

कोप-२८ मा नेपालले आफ्नो अधिकारको विषयमा प्रस्ट दृष्टिकोणका साथ आफ्ना धारणा राखेको जानकारी दिँदै प्रधानमन्त्रीले भने, "नेपालको जतातत प्रशंसा भयो । यो समान्य छैन ।" हिमाल, पहाड र नेपाल भनेर नै सूत्रबद्ध रुपमा चर्चा भएको बताउँदै प्रधानमन्त्रीले सम्मेलन सफल भएको उल्लेख गरे ।

सम्मेलनमा सहभागी क्रममा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग संक्षिप्त कुराकानी भएको जानकारी दिँदै प्रधानमन्त्रीले जाजरकोट भूकम्पपछिको राहत, उद्धार तथा पुनः स्थापनामा सघाउन पाएकामा भारतीय प्रधानमन्त्रीले हर्ष प्रकट गर्दै भविष्यमा पनि पारस्परिक सहयोगलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे ।

फरक प्रसंगमा प्रधानमन्त्रीले मन्त्रिपरिषद् पुनर्गठनको कुनै सम्भावना नरहेको स्पष्ट गरे । वर्तमान सरकार गठन भएदेखि नै त्यसको चर्चा चलेका भन्दै उनले त्यसमा कुनै सत्यता नभएको बताए ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७९/१०/१९ मा दर्ता भएको **लभ योर्सेल्फ एन्ड सम्भना नेल एन्ड बडी स्पा सैलून प्रा.लि. (प्रा.लि. नं. ३०६१२३)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

---

## त्रिवेणी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय, सल्यान
**लुहाम, सल्यान**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८०/०८/१८**

यस त्रिवेणी गाउँपालिकाद्वारा मिति २०८० साल असोज २४ गते प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार म्याद भित्र विधि सम्मत दर्ता भएका बोलपत्रहरु मध्य तपशिल बमोजिमका बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही रहेकोले सो बोलपत्र स्वीकृतिका लागि सिफारिस भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबै लाई जानकारीको लागि यो सुचना प्रकाशित गराइन्छ ।

| क्र.स. | ठेक्का नं. | काम को विवरण | बोलप्रत्रदाताको नाम र ठेगान | कबुल गरेको रकम रु. (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १ | TRM/SLN/WORKS/3/080-81 | kolchaurkhola kholchaur khajjar anurudra hudai dang jodne Nirman | निशान बि.आर जे.भि. शारदा ०१, सल्यान | ६८,२०,३६७।३४ |
| २ | TRM/SLN/WORKS/4/080-81 | Luham Poharijiula dhorchaur sadak | कोसेढुङगा कन्ट्रक्सन बागचैर १०, सल्यान | ६७,२७,९२३।४५ |

**प्रमुख प्रशासकीय अधिकृत**

---

## Invitation for Online Bids
## Thakre Rural Municipality
### Office of the Rural Municipal Executive
**Mahadevbesi, Dhading**
**Bagmati Province, Nepal**
**Invitation for Online Bids for different projects**

**Date of Publication: 2080-08-18**

1. Thakre Rural Municipality has allocated funds to cover eligible payment under the contract for different projects mentioned below

| S.NO. | Contract ID No. | Project Name | Estimated cost (with VAT & PS & contingency) (NRS) | Bid Security amount (NRS) | Bid document fee (NRS) |
|---|---|---|---|---|---|
| 1 | 04/NCB/WORKS/THAKRE/2080/081 | Brihat Aadhunik Sichai Ward No. 1 | 200,00,000/- | 5,00,000/- | 3000/- |
| 3 | 06/NCB/WORKS/THAKRE/2080/081 | Upgrading of different roads of Ward No. 7 | 92,00,000/- | 3,00,000/- | 3000/- |

2. Thakre Rural Municipality invites online bids under e-procurement system from eligible bidders for the procurement of Roadway excavation, gabion works, premix carpeting, irrigation, reservoir tanks, pipeline works etc.
3. Eligible Bidders may obtain Further information and inspect the bidding document at the office of Thakre Rural Municipality, Dhading , Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp
4. Bidding documents is available online and can be downloaded from e-GP system http://www.bolpatra.gov.np/egp
Intrested Bidders should register in the e-GP system and deposit the cost of bidding document 3000.0 NRs in the following specified bank.
**Name of the Bank: Prabhu Bank Ltd., Mahadevbesi Branch**
**Name of the office: Thakre Rural Municipality**
**Office account no: 0510101118900121**
5. Intrested Bidder should submit online Bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before 2080-09-18 12:00. Bidders are required to follow the electronic bid submission procedure as specified in e-GP System Opening guidelines 2073 and User manuals issued by PPMO which are available in e-GP System.
6. Online bid shall be opened in the presence of bidders who choose to attend on 2080-09-18 14:00 hours at the Thakre Rural Municipality, Dhading, Nepal. Online bids must be valid for a period of 90 days accounting from the day of bid opening and must be accompanied by bid security, as mentioned above which shall be valid for minimum 30 days beyond the bid validity period or may deposit a sum of above mentioned amount on Thakre Rural Municipality, Dharauti Account no: 0510101118900041 on account Maintained at Prabhu Bank, Mahadevbesi, Dhading. The scan copy of bid security or cash deposit Voucher should be uploaded in e-GP system during Bid Submission.
7. If the Office happens to be closed on the date of opening of the bid is specified, the bid will be opened on the next working day at the same time and venue.
8. The employer reserves the right to accept or reject wholly or partially any or all the bid without assigning reason whatsoever.


## साउदीमा रोजगार
SKHOR AL WATAM CONTRACTING COMPANY is a one person company
पुर्व स्विकृति मितिः २०८०।०८।१५ चलानी नं. ६०२१०९१९ LT No. 295632 लागत खर्चः १०,००० 

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब N. Rs. | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 17 | काममा दक्ष | 1000 | 35527 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

**अन्तरवार्ताः मेनपावर कार्यालय, काठमाडौंमाः २०८० मंसिर २५ गते (11 Dec. 023) हुनेछ।**

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रूपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला ।

**Swastik Overseas Services Pvt. Ltd.**
Basundhara-3, Kathmandu , Nepal, Lic No.: 505/061/62 Ph: 4987984, 4987986

## कतारमा रोजगार
कम्पनीः KIRO BEAUTY SALOON
शहरः Doha
पूर्व स्वीकृत मितिः २०८०/०८/१७ चलानी नं.: ६०२१०९११ LT. No.: 295493

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Dry Clean Worker | 0 | 3 | सम्बन्धित कामका दक्ष | 1000 | ३६,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Foreman | 2 | 0 | | 2500 | ९१,१७५ | | | | | | | |
| 3. | General Clean Worker | 0 | 7 | | 1000 | ३६,४७० | | | | | | | |
| 4. | Hair Beautician | 0 | 1 | | 1700 | ६१,९९९ | | | | | | | |
| 5. | Supervisior | 0 | 1 | | 2500 | ९१,१७५ | | | | | | | |

**अन्तावार्ता मेनपावर कार्यालयमा मिति २०८० मंसिर २५ गते (11 December 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Blue Galaxy Overseas Pvt. Ltd.**
Sinamangal -09, Kathmandu, Near by Panchakumari Temple, Nepal
Tel: 014583715, 014586915 Fax no: 014585936. Email : info@bluegalaxyovs.com
Mobile No. : 9841337113, Website : www.bluegalaxyovs.com
Gov. Lic. No. 186/057/058

## मलेसियामा रोजगारको अवसर
कम्पनीः MT SECURITY SERVICES SDN BHD
शहरः SUNGAI BESI
पूर्व स्वीकृत मितिः २०८०/०८/१७ चलानी नं.: ६०२१०९०४ LT. No.:295837

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० मंसिर २५ गते (11 December 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- (पूर्ववत्; ... वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।)

**Sky Of The World Manpower Pvt. Ltd.**
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 4588213
Mob.: 9851068774, 9851035867
E-mail : skymanpower1039@gmail.com, info@skymanpower.com, Web.www.skymanpower.com
श्रम ई. पत्र नं.: १०३९/०७३/०७४

## मलेसियामा रोजगार
कम्पनीः KHOO YIOW JIN & SONS SDN BHD
शहरः TAMAN
पूर्व स्वीकृत मितिः२०८०/०४/२१ चलानी नं.:६०२०५७५० L.T. No.:290486 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HARVESTING & POST-HARVEST WORKERS | 12 | 0 | स. काममा दक्ष | 1500 | ४२६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनीः WOLECO HOTEL SUPPLIES SDN BHD शहरः JOHOR
पूर्व स्वीकृत मितिः२०८०/०८/१५ चलानी नं.:६०२१०९०५ L.T. No.: 295607

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec) | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर २५ गते (11 December 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- (पूर्ववत्; ... वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।)

**SMART OVERSEAS (P.) LTD.**
Balaju-16, Basantanagar, Kathmandu, Tel.: 4352355
E-mail: smartoverseas@yahoo.com
श्रम ईजाजत पत्र नं. ६१८/०६३/०६४

## यूएईमा रोजगारको अवसर
कम्पनी : EMFAM INTEGRATED TECHNICAL SERVICES LLC
शहरः UAE
पूर्व स्वीकृत मितिः २०८०/०१/०६ चलानी नं.: ६०२००३८१ LT. No.:285043 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Administrative Officer | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ५०६९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner | 125 | 125 | | 1000 | ३६२१० | | | | | | | |
| 3. | Cleaning Supervisor | 1 | 0 | | 1500 | ५४३१५ | | | | | | | |
| 4. | Commercial Sales Representative | 4 | 0 | | 1400 | ५०६९४ | | | | | | | |
| 5. | Follow Up Clerk | 1 | 0 | | 1400 | ५०६९४ | | | | | | | |
| 6. | Marketing Manager | 1 | 0 | | 1500 | ५४३१५ | | | | | | | |
| 7. | Packer | 50 | 50 | | 1000 | ३६२१० | | | | | | | |
| 8. | Purchasing Representative | 2 | 0 | | 1400 | ५०६९४ | | | | | | | |

**अन्तर्वार्ता होटल रेड कार्पेट लायन्स चोक चितवनमा २०८० मंसिर १९ गते (5 December 2023) मा हुनेछ ।**
**अन्तर्वार्ता एसियन पार्टी प्यालेस वुटवल नया बसपार्कमा २०८० मंसिर २० गते (7 December 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- (पूर्ववत्; ... वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।)

**M.B. Human Resource Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: १५०४/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 4016801, Fax : 4016804 | E-mail : admin@mbmanpower.com.np
Web.: www.mbmanpower.com.np | Mobile No.: 9814067324/9849362405/9851168891/98413774012
Butwal & Chiwan : 9867925903




मध्यान्ह
www.madhyanhadaily.com
१९ मंसिर २०८०, सोमबार
4 December 2023, Monday

## सम्पादकीय

# गणतन्त्रमा पनि प्रेसमाथि 'कू'

नागरिक सर्वोच्चता र विधिको शासनमा आधारित विद्यमान प्रणाली स्थापना गर्न नेपालमा राजनीतिक दलहरू सँगसँगै प्रेस क्षेत्रले पनि उत्तिकै महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो। प्रेस क्षेत्रबाट साथ पाएरै निरंकुश शासकलाई घुँडा टेकाउने आन्दोलनमा दलहरूले सफलता पाएका थिए। व्यवस्था परिवर्तनमा प्रेस क्षेत्रको भूमिका बुझ्ने पछिल्लो उदाहरण २०६२/०६३ सालको दोस्रो जनआन्दोलन नै हो। उक्त आन्दोलनका बेला राजनीतिक दलहरू सँगसँगै प्रेस जगत पनि सडकमा उत्रिएको थियो। तत्कालीन राजा ज्ञानेन्द्र शाहले दलीय व्यवस्था निषेध गर्दै सत्ता हातमा लिने क्रममा आमसञ्चार गृहहरूमा सेना परिचालन गरेका थिए। प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताबारे आवाज उठाउने पत्रकारलाई गिरफ्तार गरिएको थियो। अर्थात् ज्ञानेन्द्र शाहको 'कू' विरूद्ध राजनीतिक दल, प्रेस जगत, नागरिक समाज सहित एकाकार भएका थिए, जनताको अपार समर्थन थियो।

त्यही आन्दोलनको आँधीले संविधान कुल्चेर 'कू' मार्फत् शासन चलाउने ज्ञानेन्द्र शाहको दुस्साहस असफल मात्रै बनाएको थिएन, २४० वर्षे राजतन्त्रलाई अन्त्य गरेको थियो। २०७२ मा संविधानसभाबाट जारी संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल सञ्चालन हुने मूल विधि तयार पारिदिएको छ। मुलुक मूल कानून (संविधान) बमोजिम चलिरहेको छ। तर वर्तमान सरकारका पछिल्ला केही निर्णय र कार्यशैली हेर्दा सरकार प्रेस जगतमाथि अर्को 'कू' (अप्रत्यक्ष) गर्ने तयारीमा रहेको प्रष्ट बुझ्न सकिन्छ। जबकी पूर्ण प्रेस स्वतन्त्रतालाई संविधानको प्रस्तावनामै उल्लेख गरिएको छ। प्रस्तावनामा गरिएको व्यवस्था बिपरीत संविधानका धारा, उपधारा, ऐन, नियमावली, निर्देशिका, कार्यविधि बनाउन पाइदैन। तर सरकारले संविधानको प्रस्तावना नै खण्डित गर्नेगरी ऐन, नियमावली र निर्देशिका ल्याएको छ।

'केही नेपाल ऐन–२०६४ संशोधन सम्बन्धी विधेयक'को दफा ४७ मा वैदेशिक रोजगार ऐन संशोधन सम्बन्धी प्रस्ताव छ। उक्त विधेयक पारित भए कामदार विदेश पठाउनेबारे सूचना मेनपावर कम्पनीले राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशन नगरी आफ्नै वेवसाइडमा राखे पुग्छ। वैदेशिक रोजगार ऐन संशोधन विधेयक जस्तै 'विद्युतीय खरीद प्रणाली सञ्चालन निर्देशिका' ल्याएको छ। उक्त निर्देशिकाले सार्वजनिक खरीद ऐनको व्यवस्था उल्ट्याउँदै विद्युतीय खरीद प्रणाली मार्फत् बोलपत्र आह्वान गर्दा अन्य माध्यममा प्रकाशन गर्न नपर्ने व्यवस्था गरेको छ। अझ पत्रपत्रिकाको वर्गीकपणसम्बन्धी वर्तमान व्यवस्था नै उल्ट्याउने कोशिस गरिएको छ। पत्रपत्रिकाको स्तरीकरणबारे सरकारको तयारीले सरकारी विज्ञापन समानुपातिक रूपमा एकद्वार प्रणालीबाट विवतरण गर्ने विज्ञापन बोर्डको उद्देश्य र प्रेस काउन्सिल ऐन २०४८ को दफा ११ क (ख) बिपरीत समेत हो।

यसरी ऐन, नियमावली र निर्देशिका ल्याएर सरकारले संविधानको मूल प्रस्तावना बिपरीत पूर्ण प्रेस स्वतन्त्रताको अधिकार खोस्ने घुमाइरो कदम चालेको प्रष्ट हुन्छ। किनकि आमसञ्चार माध्यम बाँच्ने बलियो विकल्प भनेकै सरकारी तथा निजी विज्ञापन हो। तर आमसञ्चार माध्यमको घाँटी अठ्याउने गरी विज्ञापनको स्रोत बन्द गर्ने काम भनेको घुमाउरो तरिकाले ज्ञानेन्द्र शाहकै पदचाप 'कू' हो। राष्ट्रिय स्तरको पत्रिकामा विज्ञापन प्रकाशन नगरेपनि हुने प्रावधान अपारदर्शी शासनको यात्रा पनि हो। किनभने इन्टरनेट प्रविधिको पूर्ण विकास भइनसकेको र सूचना खोज्ने हरेक निकायको वेवसाइडसम्म सजिलै पुग्न सक्ने संस्कृतिको विकास नभएको सन्दर्भमा सरकारले गलत बाटो हिँडेकै पुष्टि हुन्छ। अझ, विज्ञापन गरेबापत सरकारलाई प्राप्त हुने राजश्व समेत गुमाउने तयारी भएको छ। अर्थात् सूचना पाउने नागरिक हक खोस्ने, बिज्ञापनको स्रोत कुण्ठित गराएर आमसञ्चार माध्यम बन्द गराउने र राजश्व संकलनप्रति गरिएको लापरबाहीको मूल्य वर्तमान सरकारमाथि महँगो पर्न सक्छ। त्यसैले सहजरूपमा हुने सूचनाको हक अवरूद्ध हुने संविधानविरोधी यी सबै कार्य तत्काल सच्याउने दिशातिर लाग्नु आवश्यक छ।

# अपाङ्गता र परोपकार

*साहस चाहन्छन् अपाङ्गहरू। झमक कुमारी विकलाङ्ग छिन्, तर पनि चर्चित बनेकी छिन्। उनको कृति जीवन काँडा फूलले वि.सं. २०६८ मा मदन पुरस्कार नै पायो। रमेश प्रसाईं रोल मोडल बने।*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

डिसेम्बर ३, अन्तर्राष्ट्रिय अपाङ्ग दिवस, डिसेम्बर ५ अन्तर्राष्ट्रिय स्वयम् सेवा दिवस, बस् दिवसहरूको कमी छैन। दिवसले कति सार्थकता पायो हेर्ने फुर्सद पनि कसैलाई छैन। दिनहरू ढल्दै जाँदा अपाङ्ग भई बाँच्नेहरूको संख्या घटेको छैन, बढेको छ। २०७८ को जनगणना सार्वजनिक भइरहँदा अपाङ्ग भई जीउनेहरूको संख्या २:२ प्रतिशत देखाइएको छ, जब कि अघिल्लो जनगणनामा यो संख्या १:९४ प्रतिशत मात्रै थियो। पछिल्लो हाम्रो समय घटना र दुर्घटनाका बीच गुज्रँदै छ, मानवीय त्रुटि छ, यसमा विज्ञानको दुरुपयोग त छँदैछ।

संस्कृत शब्द स्वयम्को अर्थ हुन्छ आफैं अर्थात् आफूले गर्ने सेवा स्वयम् सेवा, पर सेवा अर्काको सेवा, समाज सेवा, राष्ट्र सेवा जे भने पनि आफू खटेर गरिने अरुको सेवा हो। पूर्वीय धर्म, दर्शनमा परोपकार पुण्याय पापाय परपीडनम् भनिएको छ। सेवा नै धर्म हो, उपकार नै ईश्वर सेवा हो। परोपकार भनौं सेवा नै धर्म हो, दिवसको सार्थकता यसैमा छ। पूर्वीय दर्शनमा जति परोपकारका आदर्शहरू सायदै अन्यत्र होलान्, त्यसैले त वेदका विभाजनकर्ता, महाभारतदेखि अठार पुराणका रचयिता वेद व्यासले भनेका छन्, "अष्टादश पुराणेषु व्यासस्य वचनं द्वय। परोपकार पुण्याय पापाय परपीडनम्।" अर्थात् सबै पुराणको सार भन्नु परोपकार नै हो, त्यही पुण्य हो र अरुलाई पिडा दिनु नै पाप हो।

ईश्वरको शब्दमा 'अहं सर्वेषु भूतेषु' अर्थात् म सबै प्राणीको अन्तरहृदयमा बस्छु। मैले बनाएको मन्दिर हो यो, म आफ्नै मन्दिरमा बस्छु, हे मानव 'तिम्रो शरीर मेरो मन्दिर हो, तिमीले बनाएको सुनका गजुरसहितको मन्दिरमा मलाई बस्न बाध्य छैन, कारण त्यही मन्दिर बाहिर बस्ने मेरै रूपका दीन, दुखी, असहाय, अपाङ्ग, पीडितलाई तिमी लत्याउँछौ, प्राणीको गला रेट्छौ'। यही बुझेर होला महाकवि देवकोटाले भने, 'हाडहरूका सुन्दर खम्बा मांस पिण्डका दिवार, नसा नदीका तरल तरंग मन्दिर आफैं अपार'।



सबै प्राणीप्रति हाम्रो दया भाव हुनुपर्छ, अपाङ्ग, असहायप्रति झन् बढी। आधुनिक समयको अन्तरालमा धेरै मानिस अपाङ्ग छन्। सन् १९९२ देखि हरेक वर्ष डिसेम्बर ३ गतेलाई दिवसका रूपमा मानिन थालिएको हो। कानून धेरै छन् देशमा, तर आफैं बोल्दैन यो। अपाङ्ग अधिकारसम्बन्धी ऐन २०७४, नियमावली २०७७ पनि छ। तर, तिनको दैनिक जीवन सहज छैन। सीपमूलक तालिम, अपाङ्गमैत्री भौतिक संरचना, यातायात, शौचालय, विद्यालय चाहेका छन् तिनले। ऐनको परिभाषामा आफ्नो सम्पत्ति नभएका, स्याहार सुसार गर्ने नभएका, परिवार सदस्य, संरक्षक नभएका, आफैं रोजगारी सिर्जना गर्न नसक्ने, जीविकोपार्जन गर्न नसक्ने, शारीरिक, मानसिक, बौद्धिक अशक्त, कार्यगत सीमितता भएका, अन्य व्यक्ति सरह सजिलै जीविका चलाउन असमर्थ व्यक्ति भन्ने परिभाषा गरिएको छ।

साहस चाहन्छन् अपाङ्गहरू। झमक कुमारी विकलाङ्ग छिन् तर, पनि चर्चित बनेकी छन्। उनको कृति जीवन काँडा फूलले वि.सं. २०६८ मा मदन पुरस्कार नै पायो। रमेश प्रसाईं रोल मोडल बने। जन्मदै दुई हात नभएका ३७ वर्षीय फिलिपिनो अमेरिकन कक्स ते क्वाण्डोको बलाक बेल्ट पैले अपाङ्गता भएको लाइसेन्स पाइलट बनिन्। जन्मदा हात खुट्टा नभएका २७ वर्षीय अस्ट्रेलियन नागरिक निक भ्वइचिच पनि आज संसारमा प्रसिद्ध छन्।

हाम्रो अपाङ्ग संरक्षण कल्याण नियमावली २०५१ मा अपाङ्गलाई काममा प्राथमिकता दिने भनिएको हो। धेरै कारणले व्यक्ति अपाङ्ग हुनसक्छ, कोही जन्म जात, गर्भमा धेरै औषधि सेवनमा परेका आमाहरूको गर्भका कारण, क्रोमोजम, वंशानुगत, प्राकृतिक प्रकोप, संक्रमण, गर्भावस्थामा आमाको खान पान, हेरचाहमा कमी पनि। सन् २०११ को यु एन ओ को प्रतिवेदन अनुसार विश्वमा पछिल्लो समयमा १५ प्रतिशत मानिसहरू अपाङ्ग छन्। यस्तो संख्या विकसितभन्दा विकासोन्मुख देशहरूमा कढी छन्। यति धेरै संख्यामा रहेका मानिसलाई छायाँमा राखेर आजको संसारले विकासको अवधारणा पूरा गर्न सक्दैन।

उपकारको आदर्श भन्नु नै हर प्राणीप्रति दया हो। ईश्वरप्रतिको याद बिना दयाको अर्थ रहन्न। भूकम्प, चट्याङ्ग, हुरी बतास, आगलागी, बाढी पीडित, सशस्त्र द्वन्द्व, झाडाबान्ता, कोराना संकट पनि कति-कति। जाजरकोटको भूकम्पबाट जोगिएकाहरू अहिले चिसोले मर्दैछन्, सुत्केरी पनि बितिसकेको खबर आएको छ। कहाँ छ राज्य, ढोका ढाकामा राजाहरू हुँदा पनि प्रजा जोडिएनन्। जब-जब संकट आउँछ, यसैमा दाउ हान्नेहरूको भीड पनि कमी छैन, त्रिपाल चोरहरूको नाम त सुनिएकै हो देशमा! अभिभावकको भूमिका नदेखिएको अवस्थामा आदर्शका कुराले रोग, भोक, शोक टर्दैन।

> *कानून धेरै छन् देशमा, तर कानून आफैं बोल्दैन। अपाङ्ग अधिकारसम्बन्धी ऐन २०७४, नियमावली २०७७ पनि छ, तर तिनको कार्यान्वयनको स्थिति निकै दयनीय प्रकृतिको छ। अपाङ्गता भएकाको सवालमा राज्यको भूमिका निकै उदासिन खालको देखिन्छ। अपाङ्गता भएकालाई कसरी विकासको मूलधारमा समेट्ने गफ धेरै छन्, तर काम हुँदैन।*

विश्व युद्धमा धेरै घाइते भए। कतै पक्ष, विपक्षको गन्ध नलिई घाइतेको उपचारमा संलग्न फ्लोरेन्स नाइटिङ्गलको नाम नसुन्ने सायदै कोही होलान्। मलम लगाउ आर्तहरूको चहर्याइरहेको घाउ, यही त हो मानवीयता भनौं समाजको सेवा। दे उताको नाम देवता हो, जो आफ्नो स्वार्थका लागि मात्र बाँच्छ ऊ जिउँदै मरेतुल्य हुन्छ। सद्गुण र सदाचार बजारमा किन्ने विषय होइनन्, मानव सर्वस्व हो यो, भनौं उसको सञ्चित धन! त्यसैले त हाम्रा अग्रजहरूले भने दया हो पृथ्वीको भव जलधिको मुख्य तरणी।

कोरोना उपचारमा कमिसन, ठेक्कापट्टा, आफू आफन्त मोटाउने अरूप्रति निर्दयी हुने अवस्था, उठेको करबाट राहतप्रतिको बेवास्ता, घरभित्रै थुनिएर, निसासिएको अवस्था पनि देखिएकै हो।

